नेपाल सरकार
# सङ्घीय मामीला तथा स्थानीय विकास मन्त्रालय
## सामाजिक परिचालन तथा गैसस समन्वय शाखा
## सिंहदरवार, काठमाण्डौं

मिति : २०७२। ०४ | १९

पत्र संख्या : 062/63
च.नं : 88

---

**विषय :स्थलगत रुपमा फलोअप गरी सामाजिक परिचालन अन्तरगतको वजेट नियमित गराउने संवन्धमा ।**

श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
क्षेत्रीय समन्वय इकाई, विराटनगर ।

प्रस्तुत सम्वन्धमा मिति २०७२। ०४।१७ मा कान्तिपुर दैनिकमा प्रकाशित ***दाताको कार्यक्रममा कमिशनको स्वार्थ*** शिर्षकको समाचारप्रति यस शाखाको गम्भिर ध्यानाकर्षण भएकोछ । सामाजिक परिचालनद्धारा समुदायलाई शसक्तिकरण गर्ने, सेवा प्रवाहमा पारदर्शिता अभिवृद्धि गर्ने, नागरिक तथा समुदायलाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाहमा सहयोग पुर्‍याई स्थानीय शासन प्रकृयालाई सुदृढ गर्ने उद्धेश्यले सञ्चालित कार्यक्रमका वारेमा छापा सञ्चार माध्यमहरुमा किटानीसाथ वडा नागरिक मञ्च र सामाजिक परिचालकको भ्रमण भत्तामा जिविस लेखा शाखाले सामाजिक परिचालकहरु मार्फत कमिशन असुल्ने काम भएको समाचार अत्यन्त दुःखद् र लज्जास्पद भएकाले त्यस क्षेत्रीय समन्वय इकाईवाट तत्काल सिराहा जिल्ला विकास समिति, जिल्ला तथा नगर सामाजिक परिचालन समिति, गाविस, स्थानीय सेवा प्रदायक संस्था, सामाजिक परिचालक, संवन्धित वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रसंग स्थलगत रुपमा छलफल गरी सो को यर्थाथ विवरण यस शाखा मार्फत मन्त्रालयलाई गराउन हुन र पत्रिकामा उल्लेख गरिए जस्तै सो कार्यमा संलग्न सामाजिक परिचालकहरु दोषी पाइएको खण्डमा निजहरुसंगको करार सेवा रद्ध गरी ३ दिन भित्र मन्त्रालयलाई जानकारी गराउन निर्देशनानुसार अनुरोध छ ।

2072/8/19

सिता परियार
उप - सचिव

वोधार्थ : श्री जिल्ला विकास समितिको कार्यालय, सिराहा